एकाइ २ · विकास र विकासका पूर्वाधार

कार्यपत्र

पूर्णाङ्क ४०

नाम _____ कक्षा _____ रोल नं. _____ मिति _____ प्राप्ताङ्क _____ / ४०

१ मुख्य शब्द [४]

कोठामा दिइएका उपयुक्त शब्द छानी तलको अनुच्छेदका खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको ०.५ अङ्क छ।

एकात्मक प्रणाली **दिगो विकास** **ब्रन्टल्यान्ड प्रतिवेदन** **मानव विकास** **मानव विकास सूचकाङ्क** **राष्ट्रिय गौरवका आयोजना** **वातावरणीय प्रभाव मूल्याङ्कन** **विकास आयोजना** **सङ्घीयता** **सहस्राब्दी विकास लक्ष्य**

मानिसको स्वास्थ्य, शिक्षा, खानपान, बसोबास र सिपमा हुने सुधारलाई _____ भनिन्छ। कुनै देशका मानिसको स्वास्थ्य, शिक्षा र आम्दानीको अवस्थालाई ० देखि १ सम्मको एउटै सङ्ख्यामा देखाउने मापनलाई _____ भनिन्छ। आजका मानिसका आवश्यकता पूरा गर्दा भावी पुस्ताले पनि स्रोतको प्रयोग गर्न पाउने गरी गरिने विकासलाई _____ भनिन्छ। सन् १९८७ को “हाम्रो साझा भविष्य” प्रतिवेदनलाई _____ पनि भनिन्छ। ठुला आयोजनाले वातावरणमा पार्ने असर अध्ययन गरी त्यसलाई घटाउने उपाय तय गर्ने कामलाई _____ भनिन्छ। राज्यको शक्ति र अधिकार संविधानमार्फत केन्द्र र तल्ला तहमा बाँडिएको शासन प्रणालीलाई _____ भनिन्छ। निश्चित लक्ष्य पूरा गर्न तोकिएको समय, बजेट र जनशक्तिसहित सञ्चालन गरिने विकास कार्यक्रमलाई _____ भनिन्छ। राष्ट्रको पहिचान बनाउने र ठुलो सङ्ख्यामा जनतालाई लाभ पुऱ्याउने भनी मन्त्रीपरिषद्ले घोषणा गरेका आयोजनालाई _____ भनिन्छ।

२ जोडा मिलाउनुहोस् [३]

दिगो विकासका लागि भएका विश्वव्यापी प्रयासमध्ये समूह ‘क’ का वर्षलाई समूह ‘ख’ का प्रयाससँग जोडा मिलाई कोठामा अक्षर लेख्नुहोस्। समूह ‘ख’ को एउटा प्रयास बढी छ। प्रत्येकको ०.५ अङ्क छ।

समूह ‘क’		समूह ‘ख’
१. सन् १९७२	☐	**क.** विश्व संरक्षण रणनीति सार्वजनिक
२. सन् १९८०	☐	**ख.** “हाम्रो साझा भविष्य” प्रतिवेदन जारी
३. सन् १९८२	☐	**ग.** स्टकहोममा संयुक्त राष्ट्रसङ्घीय मानव वातावरण सम्मेलन
४. सन् १९८७	☐	**घ.** १७ ओटा दिगो विकास लक्ष्य पारित
५. सन् १९९२	☐	**ङ.** क्योटो प्रोटोकल लागु
६. सन् २०१५	☐	**च.** रियो डि जेनेरियोमा पृथ्वी सम्मेलन
		छ. प्रकृतिसम्बन्धी विश्व बडापत्र पारित

३ ठिक कि बेठिक? [२]

वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको ०.५ अङ्क छ।

i. संविधानको अनुसूची ८ मा सङ्घ र प्रदेशको साझा अधिकार छन्। ☐

ii. मानव विकास सूचकाङ्क १ को जति नजिक हुन्छ, मानव विकास त्यति राम्रो मानिन्छ। ☐

iii. मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्कबाट उठेको रकमको ७० प्रतिशत प्रदेशले पाउँछन्। ☐

iv. नेपालमा पहिलो पटक टनेल बोरिङ मेसिनले भेरी बबई डाइभर्सन आयोजनाको सुरुङ खनिएको हो। ☐

४ अति छोटो उत्तर [८]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

क. मानव विकास सूचकाङ्क कुन तीन पक्ष मिलाएर बनाइन्छ? [१]

ख. 'क' देशको मानव विकास सूचकाङ्क ०.७२५ र 'ख' देशको ०.५३० छ। यी दुई देश मानव विकासको कुन कुन स्तरमा पर्छन्? [१]

ग. स्वास्थ्य, शिक्षा र आयमध्ये एउटा पक्ष धेरै कमजोर भए अरू दुई पक्ष राम्रा भए पनि मानव विकास सूचकाङ्क किन माथि जान सक्दैन? [१]

घ. संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले कहिलेदेखि मानव विकास प्रतिवेदन प्रकाशित गर्दै आएको छ? [१]

ङ. नेपालको संविधानको कुन धाराले हरेक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक दिएको छ? [१]

च. नेपाल कहिलेदेखि सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य बनेको हो? [१]

छ. एउटा गाउँपालिकाले आफ्नो क्षेत्रका आधारभूत विद्यालयको भवन बनाउने निर्णय गऱ्यो। यो अधिकार संविधानको कुन अनुसूचीमा पर्छ? [१]

ज. नेपाल सरकारले पहिलो पटक कुन आर्थिक वर्षमा राष्ट्रिय गौरवका आयोजना छनोट गरेको थियो? **[१]**

५ छोटो उत्तर **[१२]**

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

क. "अव्यवस्थित विकासले विनाश निम्त्याउँछ।" पुष्टि गर्नुहोस्। **[४]**

ख. स्थानीय सरकारको मुख्य कार्यक्षेत्र उल्लेख गर्नुहोस्। **[४]**

ग. नेपालमा तोकिएको समयमा विकास आयोजना सम्पन्न गर्न कुन कुन पक्षमा ध्यान दिनुपर्ला? **[४]**

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-10-social/development-and-infrastructure

६ लामो उत्तर [७]

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस्।

सङ्घीयताको सफल कार्यान्वयनमा ध्यान दिनुपर्ने पक्ष विश्लेषण गर्नुहोस्।

७ सोच्नुहोस् [४]

सोचेर उत्तर लेख्नुहोस्।

तपाईंको गाउँमाथिको भिरालो जमिनमा डोजरले नयाँ सडक खन्ने योजना छ। सडक पनि बनोस् र पहिरोको जोखिम पनि नबढोस् भन्नका लागि वडा कार्यालयलाई कुनै चार सुझाव दिनुहोस्।

८ क्रियाकलाप: तीन तहका सरकारका कार्यक्षेत्र (अङ्क नदिइने)

संविधानका अनुसूचीका आधारमा तीनै तहका सरकारका तीन तीनओटा एकल अधिकार लेखेर तालिका पूरा गर्नुहोस्।

स्थानीय सरकार	प्रदेश सरकार	सङ्घीय सरकार